आज मिति २०८२।०१।२४ गते बिहान ८.०० मा यस सरुमारानी गाउँपालिकाको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ (प्रथम संशोधन, २०८१) बमोजिम गठित गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको बैठक समितिका संयोजक एवं गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माज्यूको अध्यक्षतामा बैठक बसी निम्नानुसारका निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष श्री झगबहादुर विश्वकर्मा | -संयोजक |
| गाउँपालिका उपाध्यक्ष श्री वसन्ता खड्का | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री त्रिविक्रम खड्का | -सदस्य |
| ने.क.पा.एमाले पाटी सचिव श्री टिकाराम पल्लीमगर | - सदस्य |
| नेपाली कांग्रेस पाटी सभापति/प्रतिनिधि श्री [illegible]..... | -सदस्य |
| ने.क.पा. माओवादी केन्द्र पाटी अध्यक्ष/प्रतिनिधि श्री ................. | -सदस्य |
| राष्ट्रिय स्वतन्त्र पाटी प्रतिनिधि श्री.....[illegible] | -सदस्य |
| राष्ट्रिय प्रजातन्त्र पाटी प्रतिनिधि श्री ............................. | - सदस्य |
| पुर्वाधार विकास समिति संयोजक श्री चिन्त बहादुर सोमैमगर | -सदस्य |
| सामाजिक विकास समिति संयोजक श्री भिम बहादुर मर्साङ्गी | -सदस्य |
| आर्थिक विकास समिति संयोजक श्री मोहम्मद हलिम हलुवाई | -सदस्य |
| वन तथा वातावरण समिति संयोजक श्री पुर्ख सिंह सुनार | -सदस्य |
| वडा न. २ का वडा का.बा अध्यक्ष श्री चन्द्रप्रभा थापा | -सदस्य |
| वडा न. ५ का वडा अध्यक्ष श्री लक्ष्मी पल्ली मगर | -सदस्य |
| वडा न. १ का वडा अध्यक्ष श्री नर बहादुर घर्ती | -सदस्य |
| वडा न. ६ का वडा अध्यक्ष श्री तिलबहादुर बुढा | -सदस्य |

पूर्वाधार विकास शाखा प्रमुख ई. श्री सुभाष गौतम -सदस्य

सामाजिक विकास शाखा प्रमुख श्री ........................ -सदस्य

ढुंगेगढि प्रहरी चौकीका श्री...राम नारायण चौधरी -सदस्य

वड्डाडा प्रहरी चौकीका श्री...ओम कुमार चौधरी... श्री निमार दास, पत्रकार -सदस्य

नगर प्रहरी श्री ...कली पुन मगर -सदस्य

ने.रे.सोसाईटी बांगेशाल उपशाखाको प्रतिनिधि श्री .........................-सदस्य

उ.वा.संघ वड्डाडा वजार केन्द्रको प्रतिनिधि श्री........................ -सदस्य

गै.स.स.महासंघकाका स्थानीय प्रतिनिधि श्री...वेदराज प्राके...... -सदस्य

नेपाल पत्रकार महासंघको प्रतिनिधि श्री.......................... -सदस्य

महिला विकास समिति संयोजक श्री ..........................................- सदस्य

अपांगता संजाल समितिको प्रमुख/प्रतिनिधि..रमा...वा.कु.थापा..मगर -सदस्य

विपद् फोकल पर्सन श्री लक्ष्मण आचार्य ............................ -सदस्य सचिव

आमन्त्रित:
श्री लिलाकलोम मगर
श्री ...रुपेन्द्र पन्नेत
श्री...राम गुरुङ...
श्री धन बहादुर राना
विपद व्यवस्थापन अधिकृत श्री गोपाल जि.सी-CSRC
लोकीसरा स्वाद मगर
सूचना प्रविधि अधिकृत श्री शिवराज न्यौपाने
किरण पाण्डेय, Geologist, CSRC

बैठकका विषयबस्तुहरु

१. विपद जोखिम न्यूनिकरण र ब्यवस्थापन सम्बन्धी GAP Analysis प्रतिवेदन सम्बन्धमा ।

२. चालु आ.ब.मा विपदजन्य घटना र सहयोग सम्बन्धी जानकारी सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।



CamScanner

**निर्णय नं. १ विपद जोखिम न्यूनिकरण र ब्यबस्थापन सम्बन्धी GAP Analysis प्रतिवेदन सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकामा संचालन भएको प्रतिवद्ध-३ परियोजना/CSRC को विज्ञ टोलीको तर्फबाट विभिन्न समयमा गरिएको विपद जोखिम न्यूनिकरण र ब्यवस्थापन सम्बन्धी GAP Analysis प्रतिवेदन प्रस्तुत एवं छलफल गरियो । प्रतिवेदनमा उल्लेखित विषयवस्तु र छलफलबाट प्राप्त सुझावहरु विपद पुर्वतयारी, पुर्वकार्य एवं पुर्ननिर्माण/पुर्स्थापना कार्यमा क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ चालु आ.व.का विपदका घटना र सहयोग सम्बन्धी जानकारी सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकामा चालू आ.ब.को कार्तिक महिना पछी घटेका प्रमुख घटना र गाउँकार्यपालिकाक्रले गरेको सहयोग सम्वन्धी निर्णयको विवरण तपशिल वमोजिम रहेको जानकारी भयो ।

<u>तपशिल</u>

<u>गाउँकार्यपालिकाको मिति २०८१।७।२३ को निर्णय अनुसार</u>

- मिति २०८१/२/१९ गतेको हावाहुरीको कारण सरुमारानी गाउँपालिका वडा नं. १ खुन्जुनेटोल वस्ने सकुर मिँयाको जग्गामा बस्ने लुरे मिँयाकोको छोरा जब्बरदिन मियाँको विहानी कुखुरा फर्मको स्टोर पूर्ण रुपमा क्षति भएकोले राहात स्वरुप रु. १०,०००/- र मिति २०८१/२/१९ गतेको हावाहुरीको कारण सरुमारानी गाउँपालिका वडा नं. १ मियाँटोल वस्ने बहादुरे मिँयाको छोरा नजिर मियाँको भान्साघर पूर्णरुपले रुपमा क्षति भएकोले राहात स्वरुप रु.५,०००/- गत आ.ब. मा भुक्तानी गर्न छुट भएकोले आर्थिक सहयोग उपलब्ध गराउने ।
- सरुमारानी गाउँपालिका वडा नं. ४ बेशीगाउँ बस्ने श्री देवलाल सोमई मगरको श्रीमती श्री रमी सोमई मगरको दुईतले कच्ची घर मिति २०८१/०६/१२ गते परेको अविरल बर्षाका कारण घरपछाडीको दिवाल भत्कन गई क्षती भएकोले राहात स्वरुप रु. १०,०००/- उपलब्ध गराउने ।

<u>गाउँकार्यपालिकाको मिति २०८१।१२।३१ गतेको निर्णय</u>

- श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, पाखापानीको मिति २०८१।१२।३१ को पत्र अनुसार २०८१।१२।२७ गतेको हावाहुरीले विद्यालयको जस्तापाता उडाई विद्यालय क्षती भएकोले प्राविधिक लगत ईष्टिमेट अनुसार जस्तापाता र किलाकाटी खरिद गरी विपद् ब्यबस्थापन कोषबाट उपलब्ध गराउने ।

गाउँकार्यपालिकाको कार्यालय ... नेपाल

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CS CamScanner

➢ सरुमारानी गा. पा. वडा नं ४ निवासी श्री कमल पुनको पत्नी ज्ञानी सरा पुनको घरमा भएको आगलागीले घर जलेर पूर्ण क्षति भएकोले निजको घरमा ९ फिटका २५ वटा जस्तापाता विपद व्यबस्थापन कोष शिर्षकबाट खरिद गरी उपलब्ध गराउने।

गाउँकार्यपालिकाको मिति २०८२।१।१० गतेको निर्णय

➢ यस बर्षको हावाहुरीका कारण तपशिलका व्यक्ति/संस्थाहरुको घरको छाना हावा हुरीले उडाई क्षति पुगेकोले प्राविधि नापजाचका आधारमा विपद व्यबस्थापन कोष शिर्षकबाट कार्यालयले जस्तापाता खरिद गरी वा नगद उपलब्ध गराउने। तपिशल

| क्र.स. | नाम ठेगना | क्षतिको विवरण | कैफियत |
|---|---|---|---|
| १ | सरस्वती सामूदायिक वन उपभोक्ता समूंह वडा न. २ | मिति २०८१।१२।२७ गते रातीको हावा हुरीले भवनको जस्तापाताको छाना उडाई काम नलाग्ने भएको । | जस्तापाता र किलाकाटी खरिद गरी दिने |
| २ | सिविदेवी कुवर वडा नं. २ भुल्के | मिति २०८१।१२।९ गतेको हावा हुरीले घरभवनको जस्तापाताको छाना उडाएकोले उक्त घरको छाना मर्मत तथा छाउनको लागी आर्थिक सहयोग । | रु.१०,०००/- |
| ३ | नम बहादुर कवर वडा नं. २ भुल्के | मिति २०८१।१२।२७ गतेको हावा हुरीले घरभवनको जस्तापाताको छाना उडाएकोले उक्त घरको छाना मर्मत तथा छाउनको लागि आर्थिक सहयोग । | रु.१०,०००/- |

➢ **तेश्रो किस्ता रकम माग सम्वन्धमा ।**

२०७९ असोजको अविरल वर्षाका कारण विपद प्रभावित मध्ये घर निर्माण कार्य सम्पन्न गरेका वडा नं. ६ का ३ वटा घरधुरी (खड्क बहादुर पुन मगर, मोहन बहादुर पुन मगर र हस्त बहादुर बुढामगर) का लाभग्राहीहरुको पहिलो र दोश्रो किस्ता रकम निकासा भएको र अन्तिम किस्ता रकम निकासा वाकी रहेकोले नियमानुसार गाउँपालिकाले व्यहोर्नु पर्ने रकम यस गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष शिर्षकबाट भुक्तान गर्ने र जिल्ला प्रशासन कार्यालयमा अन्तिम किस्ता रकम निकासाको लागि पून: माग गर्ने ।

झंग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष



CamScanner

निर्णय नं. ३ विविध विषयमा जानकारी सम्बन्धमा ।

यस गाउँपालिकाको समन्वय र सहकार्यमा संचालन भएको प्रतिवद्ध-३ परियोजना/CSRC बाट कार्यान्वयन भएका तपशिलका मुख्यकामहरुको विषयमा जानकारी भयो ।

- सबै वडाहरुबाट सहभागीताका आधारमा २५ जना ( १० महिला १५ पुरुष जनालाई प्राथमिक उपचार सम्बन्धि ३ दिने तालिम सम्पन्न गरिएको र रु. ९६,९१७.८४ मुल्यका प्राथमिक उपचार सामाग्रीहरु सहयोग प्राप्त भएको
- रु.२,२८,५८१.८० मूल्यका २९ प्रकारका विभिन्न विपद उद्दार तथा व्यवस्थापन सामाग्रीहरु गाउँपालिकालाई सहयोग प्राप्त भएको ।
- सबै वडाहरुबाट सहभागीताका आधारमा २३ जना ( १० महिला १३ पुरुष जनालाई खोज तथा उद्दार सम्बन्धि ३ दिने तालिम सम्पन्न गरिएको।
- आपतकालिन कार्यसंचालन केन्द्र स्थापना र संचालन गरिएको ।
- ३ वडामा समुदाय स्तरको ४ वटा विपद व्यवस्थापन समिति गठन गरिएको र अभिमूखिकरण गरिएको ।
- विपदबाट प्रभावित मुख्य वस्तीहरु छनौट गरी घरधुरी सर्भेक्षण कार्य गणकहरुबाट सम्पन्न गरिएको ।
- वडा स्तररीय विपद व्यबस्थापन समितिलाई मौसमजन्य विपद सम्बन्धि अभिमूखिकरण सम्पन्न गरिएको ।
- विपद प्रभावित बस्तीहरुको भौगर्भिक अध्ययन लागि प्रतिबद्द परियोजनालाई सिफारिस गरिए अनुसार राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणको स्विकृत बमोजिम भौगर्भिक अध्ययन टोलीबाट अध्ययन कार्य भईरहेको ।
- गाउँपालिकाको भू-उपयोग योजना निर्माण कार्य सम्पन्न भएको ।

समाप्त ।।

२०८२/०९/२० 
मञ्जु बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष